राष्ट्रिय सूचना आयोग

का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ

प. सं. ०७८/७९
च. नं.

पशुपति क्षेत्र विकास कोषका कार्यालय प्रमुख, कार्यकारी निर्देशक डा. घनश्याम खतिवडालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम जरिवाना

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने उल्लेख भएको छ । सोही व्यवस्थाको कार्यान्वयनको लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको र ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । यसरी सूचनाको हकलाई संवैधानिक तथा कानूनी रुपमा स्थापित गरिएको छ । लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सार्वजनिक निकायमा रहेको आफ्नो र सार्वजनिक चासोको सूचना माग्ने र पाउने व्यवस्था हुनु एउटा महत्वपूर्ण उपलब्धी हो । यसै बमोजिम नागरिकले सार्वजनिक निकायमा सूचना माग गर्ने र सूचना प्राप्त हुन नसके पश्चात यस आयोगमा पुनरावेदन गर्ने गरिएको अवस्था छ । यसबाट नागरिकको संवैधानिक र कानूनी हकको संरक्षण र सम्बर्द्धन गर्न सघाउ पुगेको छ ।

झापा जिल्ला, बाह्रदशी गा. पा.-६ हाल काठमाडौं निवासी बल बहादुर प्रधानले पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीसमक्ष आफूसँग सरोकार भएको विषयको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी आयोग समक्ष पुनरावेदन गरेकोमा सूचना मागकर्ताको पुनरावेदन तथा पुनरावेदन साथ संलग्न कागजात, विपक्षीबाट प्राप्त लिखित जवाफ तथा यस आयोगबाट भएका पटक पटकका आदेशहरुको अध्ययन गर्दा पुनरावेदक नेपाली नागरिकले आफ्नो सरोकारको विषयमा मागेको सूचना नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी कानूनले प्रदान गरेको अधिकार भित्र रहने विषयमा कुनै प्रश्न उठ्ने अवस्था देखिएन । साथै सार्वजनिक निकायले नागरिकले सूचना माग गरी सकेपश्चात् स्वाभाविक रुपमा कानूनले तोकेको समयभित्र सूचना उपलब्ध गराउनु पर्ने दायित्व हो । यस उपर उजुरी गर्नु पर्ने, आयोगमा पुनरावेदन गर्नु पर्ने अवस्था सिर्जना गर्ने नै होइन । त्यस हिसाबबाट विश्लेषण गर्ने हो भने विपक्षी सार्वजनिक निकायका सूचना अधिकारी र कार्यालय प्रमुखले कानूनी व्यवस्थाको उल्लंघन गरिसकेको अवस्थाले स्वतः सजायको भागीदार भैसकेको अवस्था छ । यस आयोगबाट सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाण पेश गर्न ७ (सात) दिनको समय दिँदा निजले पेश गरेको लिखित जवाफ आदेश बमोजिमको नभै विषयान्तर गरी प्रस्तुत गरेबाट सूचना मागकर्ताको कानूनी र संवैधानिक अधिकार कुण्ठित गरेको प्रष्ट देखिन आउँछ ।

आयोगले सूचना दिनू भन्ने आदेश दिईसकेपश्चात पनि सूचना नदिएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही किन नगर्ने भनी आदेश गरेपश्चात मात्र विपक्षी सार्वजनिक निकायले आयोगमा पत्र लेखेको अवस्था र पत्रमा पनि कोषको नियमावली उपलब्ध गराएको भनिएको छ, जुन पुनरावेदकले माग गरेको सूचना नै होइन । साथै सूचना अधिकारी नतोकिएको अवस्था तथा सदस्य सचिवको पद रिक्त भएको कारणबाट निकासा दिन नसकिएको भनी

दाबी गरिएको छ, सूचना दिनुको सट्टामा । सूचना अधिकारी तोक्नु प्रत्येक सार्वजनिक निकायको कानूनी दायित्व हो । कानूनी दायित्व पूरा नगरी त्यही बहानामा सूचना दिन नसकिएको भन्नु कानूनी दायित्वबाट पञ्छिन मात्र खोजेको देखिन्छ । सूचना अधिकारी तोकिनु नतोकिनु सूचना उपलब्ध गराउनुसँग सम्बन्धित विषय नै होइन ।

यसरी सूचना उपलब्ध गराउने सम्बन्धमा आयोगबाट कारबाही हुने अवस्था सिर्जना हुँदै गर्दा सूचना उपलब्ध गराउनुको सट्टा विपक्षी सार्वजनिक निकायका प्रमुखले पुनरावेदकलाई स्पष्टीकरण माग गरी कानूनी कारबाही गर्न लागेकोबाट सूचनाको हकसम्बन्धी संवैधानिक र कानूनी हकको पालना गर्ने गराउने तर्फ विपक्षी सार्वजनिक निकायका कार्यालय प्रमुखको कुनै पहल वा चाहना भएको देखिँदैन । विपक्षी सार्वजनिक निकाय पशुपति क्षेत्र विकास कोषका कार्यालय प्रमुख, कार्यकारी निर्देशक डा. घनश्याम खतिवडाबाट नेपालको संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा १ र २ ले प्रदान गरेको नेपाली नागरिकको सूचना माग्ने र पाउने हकको उल्लंघन भएको स्पष्ट देखिन्छ । साथै यस आयोगबाट भएका आदेशहरुका बाबजुद सूचना उपलब्ध नगराई उल्टै पुनरावेदकलाई कारबाही गर्न स्पष्टीकरण सोधिएको देखिएको हुँदा विपक्षी सार्वजनिक निकाय पशुपति क्षेत्र विकास कोषका कार्यालय प्रमुख कार्यकारी निर्देशक डा. घनश्याम खतिवडालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा १ बमोजिम रु. १५,०००।- जरिवाना गरी सूचना उपलव्ध गराउन आयोगको मिति २०७८ कात्तिक १५ गतेको इजलाशले आदेश गरेको छ ।

यसबाट सूचनाको हक सम्बन्धी संबैधानिक र कानूनी व्यवस्थाको पालना गर्न गराउन सवै सार्वजनिक निकाय जिम्मेवार बन्नेछन् भन्ने विश्वास आयोगले लिएको छ । नागरिकको सूचना माग्ने र पाउने हकको सम्मान गर्नु गराउनु हामी सवैको कर्तव्य हो ।

२०७८ कात्तिक १६ मंगलवार

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता